उत्तरगया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा

*बागमती प्रदेश, नेपाल*

२०७३

च.नं                                                                                 मिती :-२०७८/०१/२९

**अन्त्यन्त जरुरी सूचना**

यस गाउँपालिकाको मिति २०७८।०१।२३ गते प्रकाशित सूचना अनुसार कोभिड-१९ को महामारीको कारण यस गाउँपालिका तथा गाउँपालिका अन्तर्गतका कार्यालयहरुबाट प्रदान गरिने सेवाहरु मिति २०७८।०१।२९ गते सम्म बन्द गरिएकोमा हाल सम्म पनि कोभिड-१९ कोरोना भाइरसको संक्रमण तिव्र रुपमा फैलिएको र यसको प्रभाव यस गाउँपालिकामा समेत देखिन गएको हुँदा हाल यसको संक्रमण दर तथा प्रकोपलाई कम गर्न जिल्ला संकट व्यवस्थापन केन्द्र (DCCMC) रसुवाले समेत मिति २०७८।०१।२७ गतेबाट मिति २०७८।०२।०३ सम्म रसुवा जिल्लामा निषेधाज्ञाको आदेश जारी गरिएकोले कोरोना संक्रमण फैलिन नदिन यस कार्यालय तथा अन्तर्गतका कार्यालयहरुबाट प्रदान गरीने एम्बुलेन्स सेवा, स्वास्थ्य सेवा, र विपद् तथा आकस्मीक सेवाहरु बाहेक अन्य सेवाहरु मिति २०७८।०१।३० गते देखी मिति २०७८।०२।०५ गते सम्म ७(सात) दिन बन्द रहने गरि समय थप गरिएको व्यहोरा आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ । यस महामारीको विशेष परिस्थितिमा सेवाग्राहीमा पर्न जाने असुविधा प्रति गाउँपालिका क्षमाप्रार्थि छ ।

साथै कोभिड-१९ को संक्रमणबाट बच्न नेपाल सरकारले तोके बमोजिम स्वास्थ्य मापदण्ड अपनाउने, संक्रमित व्यक्तिहरु जथाभावि हिड्डुल नगर्ने, अनुशासित भई होम आइसोलेसनमा बस्न तथा कोभिड-१९ को संक्रमण देखिएका व्यक्तिको सम्पर्कमा आएका व्यक्तिहरुले पनि स्वास्थ्य सुरक्षाका मापदण्डहरुलाई अपनाई कोभिड-१९ को संक्रमण समुदाय स्तरमा फैलिनबाट बचाउन सहयोग गरिदिनुहुन सम्पुर्ण गाउँपालिकाबासीमा हार्दिक अनुरोध गर्दछु ।

२०७८/०१/२९

अर्जुन खड्का

प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**